# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## सुपरिवेक्षण विभाग

पं.सं.: सू.सं.सु.शाखा २०७८/०७९
च.नं.: ४१९८.

मिति: २०७८/०७/०८

श्री सम्पूर्ण सूचीकृत संगठित संस्थाहरु,

**विषय : लाभांस भुक्तानी सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन २०६३ को उद्देश्य लगानीकर्ताको हित संरक्षण गर्ने भएको र बोर्डले उक्त जिम्मेवारी कार्यान्वयन गर्नुपर्ने पृष्ठभूमिमा सूचीकृत कम्पनीले आफ्ना शेयरधनीह्ररुलाई प्रदान गरेको नगद लाभांस शेयरधनीहरुको बैंक खातामा आफै जम्मा गर्दा र आफ्नो शेयर रजिष्ट्रार मार्फत बैंक खातामा जम्मा गराउँदा बैंक स्टेटमेण्टमा उक्त शेयर रजिष्ट्रार (क्यापिटल)को नाम मात्र आउने गरेकोले कुन कम्पनीको लाभांस हो, कुन आर्थिक वर्षको कुन दरको लाभांस हो स्पष्ट हुन नसकेको र हिसाब किताब राख्न सहज नभएको लगायतका व्यहोराको गुनासो बोर्डमा आउने गरेको तर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

अत: आफै वा आफ्नो शेयर रजिष्ट्रार मार्फत शेयरधनीको बैंक खातामा नगद लाभांस भुक्तानी गर्दा स्पष्ट रुपमा कम्पनीको नाम, आर्थिक वर्ष, दर आदि खुल्ने गरी पठाउनु हुन साथै यस कार्यलाई सहजीकरण गर्न नेपाल क्लियरिङ्ग हाउस लि. ले हालै तोकिदिएको ढाँचामा (२८ सेप्टेम्बर, २०२१) अनिवार्य रुपमा सूचित गर्नुपर्ने विषयहरु स्पष्ट रुपमा खुलाई पठाउने व्यवस्था गर्नुहुन निर्णयानुसार अनुरोध गर्दछु ।

(कृष्ण प्रसाद घिमिरे)
का. मु. उपकार्यकारी निर्देशक

वोधार्थ तथा कार्यार्थ:

१. नेपाल मर्चेन्ट बैंकर्स एसोशिएसन, लाजिम्पाट, काठमाडौं: सम्पूर्ण शेयर रजिष्ट्रारलाई उपर्युक्तानुसार गर्न गराउन आवश्यक समन्वयार्थ ।

२. नेपाल क्लियरिङ्ग हाउस लि., कमलादी, काठमाडौं: आवश्यक सहजीकरणका लागि ।